**नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड ४, संख्याः १७, भाद्र २२ गते, २०७७ साल**

व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको संशोधन निर्देशिका स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## कृषि विकास कार्यक्रम कार्यान्वयन निर्देशिका (प्रथम संशोधन), २०७७

कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।५।२२

व्यास नगरपालिकाको कृषि विकास कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम व्यास नगर कार्यपालिकाले स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छः

१. दफा ४ (ङ) तर मनासिव कारण भएमा आर्थिक समितिले परिमार्जन गर्न कुनै बाधा पर्ने छैन को सट्टा तर मनासिव कारण भएमा आर्थिक विकास समितिले परिमार्जन गर्न कुनै बाधा पर्ने छैन भन्ने राखिएको छ ।

२. दफा ४ (च) (१) संयोजक-कृषि, पशु तथा सहकारी विकास समितिको संयोजक वा कार्यपालिका सदस्य -१ को सट्टा संयोजक- आर्थिक विकास समितिका संयोजक राखिएको छ ।

(२) सदस्य-कृषि, पशु तथा सहकारी विकास समितिको सदस्य/वडा सदस्य -२ को सट्टा सदस्य- आर्थिक विकास समितिका सदस्य -१ राखिएको छ ।

(३) सदस्य -प्रमुख प्रशासकीय अधिकृतले तोकेको लेखा उपशाखाको अधिकृत कर्मचारी -१ को सट्टा सदस्य -आर्थिक पूर्वाधार विकास शाखा प्रमुख -१ राखिएको छ ।

३. दफा ४ (छ) अनुगमन तथा मूल्याङ्कन समितिले नियम अनुसारको रीत पुऱ्याई प्रस्तावकहरु मध्येबाट मूल्याङ्कन गरी अनुदानको लागी प्रस्ताव छनौट गर्नेछ को सट्टा मूल्याङ्कनमा छनौट भएका प्रस्तावहरुलाई आर्थिक विकास समितिको बैठकले अनुमोदन गरी अनुदान प्रस्ताव गर्नेछ भन्ने राखिएको छ ।

४. दफा ९ (१) (च) सहभागी छनौटको जिम्मेवारी सम्बन्धित वडाका जनप्रतिनिधि तथा कृषि विकास उपशाखाको हुनेछ को सट्टा सहभागी छनौटको जिम्मेवारी सम्बन्धित वडाका जनप्रतिनिधि तथा आर्थिक पूर्वाधार विकास शाखाको हुनेछ भन्ने राखिएको छ ।

५. दफा १० (१) (ख) उपाध्यक्षः कृषि, पशु, सहकारी विकास समिति वा आर्थिक विकास समिति -संयोजक को सट्टा उपाध्यक्षः आर्थिक विकास समितिका -संयोजक राखिएको छ ।

(घ) सदस्यः नगर कार्यपालिकाको महिला सदस्यबाट दुई जना को सट्टा सदस्यः आर्थिक विकास समितिका सदस्य मध्येबाट १ जना महिला (सम्भव भएसम्म) सहित २ जना दुई जना

६. दफा १२ (१) नगरपालिकाको वार्षिक स्वीकृत लक्ष्य अनुसार भकारो सुधार गर्न इच्छुक कृषकहरुले कम्तीमा तीन वटा वस्तु पालेको हुनुपर्नेछ । भकारोको लम्बाई १२ फिट, चौडाई ५ फिट (६० वर्ग फिट) को ढलान गरी पिसाब बग्ने सानो कुलेसो र पिसाब जम्मा गर्ने सानो टंकी बनाई गोवर र मुत्रलाई घामपानीबाट बचाउनका लागि छानोको व्यवस्था समेत गर्नुपर्नेछ । यसको लागि ८० प्रतिशत अनुदान रकम उपलब्ध गराइने छ तर अठार हजार सात सय पचास रुपैयाँ भन्दा बढी जतिसुकै लागत इष्टिमेटको रकम भएतापनि पन्ध्र हजार रुपैयाभन्दा बढी रकम उपलब्ध गराइने छैन । यस्तो अनुदान रकम भकारो सुधारको कार्य सम्पन्न भएपछि एक मुष्ठ उपलब्ध गराइने छ । अनुदान लिनका लागि अनुसुची २ अनुसार निवेदन दिनुपर्नेछ । यसको इष्टिमेट कृषि विकास उपशाखाको प्राविधिक कर्मचारीबाट उपलब्ध गराइने छ को सट्टा नगरपालिकाको वार्षिक स्वीकृत लक्ष्य अनुसार भकारो सुधार गर्न इच्छुक कृषकहरुले कम्तीमा तीन वटा वस्तु पालेको हुनुपर्नेछ । भकारोको लम्बाई १२ फिट, चौडाई ५ फिट (६० वर्ग फिट) को ढलान गरी पिसाब बग्ने सानो कुलेसो र पिसाब जम्मा गर्ने सानो टंकी बनाई गोवर र मुत्रलाई घामपानीबाट बचाउनका लागि छानोको व्यवस्था समेत गर्नुपर्नेछ । यसको लागि ८० प्रतिशत अनुदान रकम उपलब्ध गराइने छ तर अठार हजार सात सय पचास रुपैयाँ भन्दा बढी जतिसुकै लागत इष्टिमेटको रकम भएतापनि पन्ध्र हजार रुपैयाभन्दा बढी रकम उपलब्ध गराइने छैन । यस्तो अनुदान रकम भकारो सुधारको कार्य सम्पन्न भएपछि एक मुष्ठ उपलब्ध गराइने छ । अनुदान लिनका लागि अनुसुची २ अनुसार निवेदन दिनुपर्नेछ । यसको इष्टिमेट आर्थिक पूर्वाधार विकास शाखाको प्राविधिक कर्मचारीबाट उपलब्ध गराइने छ भन्ने राखिएको छ ।

७. दफा १९ (३) लागत इष्टिमेट स्वीकृत गरी भ्रमण खर्च बाहेक किटबक्सबाट माटो परीक्षणका लागी एक सय नमूनासम्म बढीमा पैतीस हजार रुपैयाँसम्म खर्च गर्न सकिने छ । माटो परीक्षण शिविर सञ्चालनको लागी कृषि विकास उपशाखाले

डिस्टिल वाटर प्लान, टेस्टट्युव, बिकर, किट वक्स, पि.एच. मिटर आदि रसायन खरिद गरी माटो परीक्षणको लागी इष्टिमेट स्वीकृत गरी सामग्री खरिद गर्न सक्ने छ। अन्य प्रयोजनको लागी परिच्छेद २ को दफा ६ र ७ अनुसार हुनेछ को सट्टा लागत इष्टिमेट स्वीकृत गरी भ्रमण खर्च बाहेक किटबक्सबाट माटो परीक्षणका लागी एक सय नमूनासम्म बढीमा पैतीस हजार रुपैयाँसम्म खर्च गर्न सकिने छ। माटो परीक्षण शिविर सञ्चालनको लागी आर्थिक पूर्वाधार विकास शाखाले डिस्टिल वाटर प्लान, टेस्टट्युव, बिकर, किट वक्स, पि.एच. मिटर आदि रसायन खरिद गरी माटो परीक्षणको लागी इष्टिमेट स्वीकृत गरी सामग्री खरिद गर्न सक्ने छ। अन्य प्रयोजनको लागी परिच्छेद २ को दफा ६ र ७ अनुसार हुनेछ भन्ने राखिएको छ।

८. **दफा २१. प्राविधिक मोवाइल खर्चः** (१) कृषि विकास उपशाखामा कार्यरत प्राविधिक कर्मचारीहरुलाई इन्धन र संचार खर्च विल अनुसार मासिक रुपमा उपलब्ध गराइनेछ।
(२) यो सुविधा लिने प्राविधिकले कृषि विकास उपशाखाको कार्यक्रम बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाउने छैनन्।
(३) काम सम्पन्न गरेको प्रगति मासिक रुपमा पेश गर्नुपर्नेछ। मासिक कार्य योजना बनाई काम गर्नुपर्नेछ भन्ने दफा २१ प्रावधानको हटाइएको छ।

९. अनुसूची १ः व्यास नगरपालिका कृषि विकास उपशाखाको आ.व.२०  ।  ।  को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको अनुदान/औजार-उपकरण उपलब्ध गराउने कार्यक्रमहरु रहेको हुँदा नगरपालिकाका इच्छुक कृषि फर्म, कम्पनी, समूह तथा सहकारीले यो सूचना प्रकाशित गरेको ........ दिन भित्र तोकिएको ढाँचामा कार्य योजना सहित देहाय अनुसारको कागजातहरु नगरपालिका कृषि विकास उपशाखामा पेश गर्नको लागी यो सूचना प्रकाशित गरिएको छ । आवेदनको ढाँचा/कार्य योजनाको फारामहरु कृषि विकास उपशाखामा उपलब्ध छ को सट्टा व्यास नगरपालिकाको आ.व.२०  ।  ।  को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको अनुदान/औजार-उपकरण उपलब्ध गराउने कार्यक्रमहरु रहेको हुँदा नगरपालिकाका इच्छुक कृषि फर्म, कम्पनी, समूह तथा सहकारीले यो सूचना प्रकाशित गरेको ........ दिन भित्र तोकिएको ढाँचामा कार्य योजना सहित देहाय अनुसारको कागजातहरु नगरपालिका कृषि विकास उपशाखामा पेश गर्नको लागी यो सूचना प्रकाशित गरिएको छ । आवेदनको ढाँचा/कार्य योजनाको फारामहरु कृषि विकास उपशाखामा उपलब्ध छ भन्ने राखिएको छ।

१०. अनुसूची २ः उपर्युक्त विषयमा नगरपालिका कृषि विकास उपशाखाको मिति ......................... को प्रकाशित सूचना अनुसार निवेदकले लागत साझेदारीमा अनुदान कार्यक्रम सञ्चालन गर्न ईच्छुक भई आवश्यक प्रक्रियाको लागि तपशिल उल्लेखित कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेको छु/छौं को सट्टा उपर्युक्त विषयमा नगरपालिकाको आर्थिक पूर्वाधार विकास शाखा अन्तर्गत कृषि विकास उपशाखाको मिति .......... को प्रकाशित सूचना अनुसार निवेदकले लागत साझेदारीमा अनुदान कार्यक्रम सञ्चालन गर्न ईच्छुक भई आवश्यक प्रक्रियाको लागि तपशिल उल्लेखित कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेको छु/छौं भन्ने राखिएको छ।

११. अनुसूची ४ः तनहुँ जिल्ला व्यास नगरपालिका कृषि विकास उपशाखाको मितिः ......................... को प्रकाशित सूचना अनुसार व्यास नगरपालिका ....... नं. वडा ................................ गाउँ /टोल स्थायी ठेगाना भएको श्री ..........................

ले लागत साझेदारीमा .................................... कार्यक्रम सञ्चालनको लागि पेश गरेको व्यवसाय योजना अनुसार अनुमानित कुल लागत रु. ................. को ......... प्रतिशतले हुन आउने रु. ............... अक्षरुपी .............................. बराबरको लागानी आफ्नो आन्तरिक स्रोतबाट व्यहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिवद्धता जाहेर गर्दछु/गर्दछौ को सट्टा तनहुँ जिल्ला व्यास नगरपालिका आर्थिक पूर्वाधार विकास शाखाको मितिः ......................... को प्रकाशित सूचना अनुसार व्यास नगरपालिका ....... नं. वडा ................................ गाउँ /टोल स्थायी ठेगाना भएको श्री .......................... ले लागत साझेदारीमा .................................... कार्यक्रम सञ्चालनको लागि पेश गरेको व्यवसाय योजना अनुसार अनुमानित कुल लागत रु. ................. को ......... प्रतिशतले हुन आउने रु. ............... अक्षरुपी .............................. बराबरको लागानी आफ्नो आन्तरिक स्रोतबाट व्यहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिवद्धता जाहेर गर्दछु/गर्दछौ भन्ने राखिएको छ ।

१२. अनुसूची ६: व्यास नगरपालिका कृषि विकास उपशाखाको मिति २० । । को सूचना अनुसार अनुदान कार्यकममा ईच्छुक भई सो कार्यकममा सहभागिताको लागि कार्य योजना सहितको आवेदन पेश गरेको छु/छौं । पेश गरेको कार्य योजना अनुसारको कार्य कम्तीमा ............... सञ्चालन गर्ने प्रतिवद्धता जनाउँदछु/जनाउँदछौ । साथै प्रस्तावित कार्यहरुका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको र सञ्चालित क्रियाकलापहरुबाट वातावरणलाई असर नपुऱ्याउने प्रतिवद्धता समेत व्यक्त गर्दछु/गर्दछौं को सट्टा व्यास नगरपालिका आर्थिक पूर्वाधार विकास शाखाको मिति २० । । को सूचना अनुसार अनुदान कार्यकममा ईच्छुक भई सो कार्यकममा सहभागिताको लागि कार्य योजना सहितको आवेदन पेश गरेको छु/छौं । पेश गरेको कार्य योजना अनुसारको कार्य कम्तीमा ............... सञ्चालन गर्ने प्रतिवद्धता जनाउँदछु/जनाउँदछौ । साथै प्रस्तावित कार्यहरुका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको र सञ्चालित क्रियाकलापहरुबाट वातावरणलाई असर नपुऱ्याउने प्रतिवद्धता समेत व्यक्त गर्दछु/गर्दछौं भन्ने राखिएको छ ।

१३. अनुसूची ७: व्यास नगरपालिका अर्न्तगत कृषि विकास उपशाखा (यस पछि पहिलो पक्ष भनिने) र तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं. ..... को ......................... स्थनमा सञ्चालनमा रहेको ......................... ................................ श्री ........... ................. (यस पछि दोस्रो पक्ष भनिने) बिच साझेदारी/सहकार्यमा अ.व.२० /० को स्वीकृत ......................... कार्यक्रम संचालन गर्न तपशिल बमोजिम शर्तहरुको अधिनमा रही यो सझौता-पत्रमा हस्ताक्षर गरी लियौं/दियौं को सट्टा व्यास नगरपालिका अर्न्तगत आर्थिक पूर्वाधार विकास शाखा (यस पछि पहिलो पक्ष भनिने) र तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं. ..... को ......................... स्थनमा सञ्चालनमा रहेको ..................... ................................ श्री ........... ................. (यस पछि दोस्रो पक्ष भनिने) बिच साझेदारी/सहकार्यमा अ.व.२० /० को स्वीकृत ......................... कार्यक्रम संचालन गर्न तपशिल बमोजिम शर्तहरुको अधिनमा रही यो सझौता-पत्रमा हस्ताक्षर गरी लियौं/दियौं भन्ने राखिएको छ ।

आज्ञाले<br>
डिल्लीराम सिग्देल<br>
प्रमुख प्रशासकीय अधिकृत